निर्णय प्रमाणित

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : वार्षिक कार्यक्रम स्वीकृत फारम तयार गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. २** : वार्षिक खरिद योजना सम्वन्धमा ।

**प्रस्तावनं. ३** : स्वास्थ्य शिविर संचालन सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : मुख्यमन्त्री रोजगार कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : कर्मचारीहरुको नियमित हाजिर सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : कार्यविधि माथि छलफल तथा स्वीकृत सम्वन्धमा ।

**निर्णय नं. १ :**

भगवतीमाई गाउँपालिकाको सातौं गाउँसभाबाट स्वीकृत आ.व. २०७७।०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार विषयगत शाखाहरुलाई सम्वन्धित शाखाको वार्षिक कार्यक्रम स्वीकृत फारम (चौमासिक विभाजन) तयार गरी ७ दिनभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

भगवतीमाई गाउँपालिकाको सातौं गाउँसभाबाट स्वीकृत वाषिर्क नीति, कार्यक्रम तथा बजेट २०७७।०७८ अनुसार विनियोजन भएका विभिन्न निर्माण कार्य तथा विषयगत कार्यक्रमहरुको कार्यान्वयन कार्यालयबाट तयार भएको बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिकामा स्वास्थ्य शिविर संचालन गर्नको लागि लायन्स क्लव, दैलेखसँग समन्वय र साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालन भएको योजनाहरुमा सहभागी श्रमिकहरुको दैनिक ज्याला बैंक खाता मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था रहेको हाल समय अभावको कारण बैंकमा खाता खोल्न सम्भव नदेखिएको हुँदा वडा सचिव मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई नियमित उपस्थित गराउने र नियमित हाजिर नहुने कर्मचारी आचरण विपरीत कार्य कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**



Scanned with CamScanner

यस भगवतीमाई गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतको कार्यालयमा करार सेवामा कार्यरत रहेका तपसिलका कर्मचारीहरुको २०७७ अषाढ मसान्तमा करार अवधि समाप्त भएको हुँदा करार अवधि बढीमा १ वर्ष (२०७७श्रावण १ देखी २०७८ अषाढ मसान्तसम्म) को लागि म्याद थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नामथर | पद | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | बलदिपकुमार खाँण | ईन्जिनियर | करार | |
| २. | देवेन्द्रबहादुर सिंह | सूचनाप्रविधिअधिकृत | करार | |
| ३. | खगेन्द्रप्रसाद शर्मा | सब ईन्जिनियर | करार | |
| ४. | राजुकुमार खत्री | सब इन्जिनियर | करार | |
| ५. | मदनकुमार विश्वकर्मा | सब ईन्जिनियर | करार | |
| ६. | गोपाल सलामी मगर | कम्प्युटर अपरेटर | करार | |
| ७. | भवानी प्रसाद अधिकारी | प्रशासन सहायक | अस्थायी | |
| ८. | पुर्णबहादुर शाही | प्रशासन सहायक | अस्थायी | |
| ९. | दिपकराज अधिकारी | अ.सब ईन्जिनियर | करार | |
| १०. | ज्ञानबहादुर थापा | अ.सब ईन्जिनियर | करार | |
| ११. | पुर्णा रोकाय | अ.हे.व. | करार | |
| १२. | लक्ष्मीश्रेष्ठ | अ.न.मी. | करार | |
| १३. | भगवती के.सी. | अ.न.मी. | करार | |
| १४ | दुर्गा के.सी. | अ.न.मी. | करार | |
| १५. | लक्ष्मी शाही | अ.न.मी. | करार | |
| १६. | झरना कुमारी चन्द | अ.न.मी. | करार | |
| १७. | कल्पना रोकाय | अ.न.मी. | करार | |
| १८. | लक्ष्मी विष्ट | अ.न.मी. | करार | |
| १९. | खम्विरा थापा | अ.न.मी. | करार | |
| २०. | सुनिता वोहरा | अ.न.मी. | करार | |
| २१. | मुकुन्द खत्री | एक गाउँ एक प्राविधिक (कृषि) | करार | |
| २२. | शान्ती नेपाली | एक गाउँ एक प्राविधिक (कृषि) | करार | |
| २३. | जनकथापा | एक गाउँ एक प्राविधिक(पशु सेवा) | करार | |
| २४. | राधाकुमारी रानामगर | एक गाउँ एक प्राविधिक (कृषि) | करार | |
| २५. | सुरेन्द्रबहादुर खड्का | एक गाउँ एक प्राविधिक(पशु सेवा) | करार | |
| २६. | गगनबहादुर सिंह | अध्यक्ष, श्रम रोजगार बैंक | करार | |
| २७. | पृतनाथापा | मुख्यव्यवस्थापक, श्रम रोजगार बैंक | करार | |
| २८. | दुर्गाकुमारी खड्का | ल्या असिस्टेन्ट | करार | |
| २९. | चिन्तबहादुर थापा | पोषण स्वयम सेवक | करार | |
| ३०. | विरबहादुर के.सी. | कार्यालय सहयोगी | करार | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३१. | कृष्णबहादुर थापा | कार्यालय सहयोगी | करार | |
| ३२. | गणेशबहादुर क्षेत्री | कार्यालय सहयोगी | करार | |
| ३३. | सम्झना विश्वकर्मा | कार्यालय सहयोगी | करार | |
| ३४. | लोकबहादुर शाही | कार्यालय सहयोगी | करार | |
| ३५. | टोपबहादुर बोहोरा | कार्यालय सहयोगी | करार | |
| ३६. | पम्फा उपाध्याय | कार्यालय सहयोगी | करार | |
| ३७. | सन्दिप वि.सी. | कार्यालय सहयोगी | करार | |
| ३८. | गणेशबहादुर खत्री | कार्यालय सहयोगी | करार | |
| ३९. | शुशिल शाही | कार्यालय सहयोगी | करार | |
| ४०. | महेन्द्र बोहरा | कार्यालय सहयोगी | करार | |
| ४१. | चक्रबहादुर खड्का | कार्यालय सहयोगी | करार | |
| ४२. | सुरेन्द्रबहादुर खड्का | कार्यालय सहयोगी | करार | |
| ४३. | जगतबहादुर खड्का | कार्यालय सहयोगी | करार | |
| ४४. | मोहनबहादुर बस्नेत | कार्यालय सहयोगी | करार | |

**निर्णय नं. ७ :**

यस भगवतीमाई गाउँपालिकाको मिति २०७७।०३।१८ गते सम्पन्न सातौं गाउँसभाको बैठकको निर्णय नं. २६ अनुसार"स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम भगवतीमाई गाउँपालिका ६ नं. वडा अन्तर्गत साविक कट्टी गा.वि.स. वडा नं. २, ३ र ७ कट्टी, सनिगाउँ (उत्तरमा कट्टी खोला, दक्षिणमा जलजले, पूर्वमाधारे ढुङ्गा, गैराखोला, बाहुनगाउँ मूलबाटो र पश्चिममा घट्टेखोला, सालघारी, गोठी पैराखोला ठेउलापानी) समेटी वडा नं. ६ र साविक कट्टी गा.वि.स. वडा नं. ४ र ८ चिपिन, चिपिनतडा (उत्तरमा कट्टीखोला, दक्षिणमा मालिका, कल्लीकाँध, पूर्वमा घट्टेखोला, सालघारी गोठी पैराखोला ठेउलापानी र पश्चिममा भेरेखोला) समेटी वडा नं. ८ कायम गर्ने सम्वन्धी प्रस्ताव" गाउँसभाको हाल कायम रहेको ३८ (एक जना सदस्यजिल्ला समन्वय समितिमा चयन हुनु भएको) जना सदस्यमध्ये २९ जनाको उपस्थितिमा सर्वसम्मत रुपमा पारित भएको र उपस्थित सदस्य संख्या कायम रहेको सदस्य संख्याको दुईतिहाई सदस्य भन्दा बढी रहेको हुँदा उक्त वडा नं. ६ विभाजन सम्वन्धि प्रस्ताव प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

गाउँ कार्यपालिकाको कार्यालयबाट तयार भएको **सम्पत्तिकर तथा भूमीकर व्यवस्थापन कार्यविधि, २०७७** को मस्यौदा माथि छलफल तथा सुझाव पेश गर्नको लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस भगवतीमाई गाउँपालिकाको **आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७** तयार भई पेश भएको हुँदा दफावार छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।



Scanned with CamScanner